# चौरजहारी नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
९८५७८२६१११


**बिषय : गिट्टी, ढुंगा, वालुवा संकलन तथा विक्री गर्ने सम्बन्धि पुनः वोलपत्र आव्हान गरिएको सूचना ।**
**(तेस्रो पटक प्रकाशित मिति : २०७६/०७/२४)**

प्रस्तुत् विषयमा यस नगरपालिकाले देहाय बमोजिमका नदी तथा खोलाका निम्न स्थानहरुबाट गिटी, ढुंगा र वालुवा संकलन तथा विक्री गरी आन्तरिक आय संकलनका लागि बढाबढको माध्यमबाट ठेक्का बन्दोवस्त गर्न मिति २०७६/०७/०८ गते दोस्रो पटक प्रकाशित वोलपत्र आव्हान सम्वन्धी सूचना अनुसार कुनै पनी बोलपत्र नपरेकोले सोका लागि पुनः तेस्रो पटक यो सूचना प्रकाशित गरिएकोले इच्छुक कम्पनी, फर्म वा व्यक्तिले आवश्यक कागजात संलग्न गरी न्यूनतम अंकमा नघट्ने गरी तपशिल बमोजिम वोलपत्र पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल :**

| ठेक्का नं. | संकलन केन्द्र वा स्थान | न्यूनतम कवोल अंक(सेवा शुल्क,दस्तूर र मु.अ.कर वाहेक) | जम्मा संकलन तथा उत्खनन गर्न सकिने परिमाण (घनफिटमा) | फाराम दस्तूर | धरौटी | कै. |
|---|---|---|---|---|---|---|
| NCB २/७६/७७ | भेरीनदी:वासखोला,कुरल,माथिल्लो बगर,रानी सागर,लामा बगर र जहारी खोलाको जहारी खोला,नार्जी र कालीगार | २५,००,०००।०० | ३०६७३७० (तीस लाख सतसठ्ठी हजार तीन सय पैसठ्ठी घनफिट) | ३०००।०० | कवोल अंकको ५ प्रतिशत | |

१.यो सूचना प्रकाशित भएको मितिले ७ औ दिन (मिति २०७६।०७।३०) भित्रमा माथि उल्लेख भए बमोजिमको दस्तूर तिरी आफूले लिन चाहेको ठेक्काको वोलपत्र फाराम यस नगरकार्यापालिकाको कार्यालयबाट कार्यालय समयभित्र खरिद गर्नु पर्नेछ । ८ औं दिन (मिति २०७६।०८।०१) को १२:०० बजे भित्र आफूले कबोल गरेको कूल रकमको ५ प्रतिशतले हुन आउने धरौटी वापतको रकम राष्ट्रिय वाणिज्य बैंक चौरजहारीमा रहेको यस कार्यालयको धरौटी खाता नं. ४३३०३०३००७१०२ मा दाखिला गरेको सक्कलै भौचर संलग्न गरी वोलपत्र दर्ता गराउनु पर्नेछ ।

२. बोलपत्र पेश गर्दा अध्यावधिक रहेको व्यवसाय दर्ता प्रमाणपत्र,कम्पनी वा फर्म दर्ता प्रमाणपत्र,मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र,स्थायी लेखा नम्बर प्रमाणपत्र, आ.व.७५/७६ को कर चुक्ता प्रमाणपत्रका प्रतिलिपीहरु फाराम दस्तूर वापतको लाग्ने रकम रु. ३०००।०० चौरजहारी स्थित राष्ट्रिय वाणिज्य बैंक मा रहेको यस कार्यालयको सञ्चित कोष खाता नं.४३३०३०४०१८१०२ जम्मा गरेको भौचर तथा पेश गर्नु पर्ने भनी उल्लेख गरिएका कागजातहरु पेश गर्नु पर्नेछ ।

३. वोलपत्र फाराम भर्दा आफूले कबोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेख भएकोलाई मान्यता दिइनेछ । वोलपत्र केरमेट भएमा केरमेट भएको ठाउँमा स्पष्ट रुपमा दस्तखत गरेको हुनु पर्नेछ । दाखिला भएको वोलपत्र ८ औ दिनको २:०० बजे चौरजहारी नगरकार्यपालिकाको कार्यालयमा खोलिनेछ । वोलपत्र दाखिला कर्ता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि वोलपत्र खोल्न बाधा पर्ने छैन साथै बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार चौरजहारी नगरकार्यपालिकाको कार्यालयमा निहित रहनेछ ।

प्रमुख प्रशासकिय अधिकृत

# चौरजहारी नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
९८५७८२६१११


४. वोलपत्र खरिद गर्ने,वोलपत्र दाखिला गर्ने,वोलपत्र खोल्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिनलाई उक्त प्रयोजनको लागि मानिनेछ।

५. वोलपत्र स्वीकृत भएपछि पहिलो किस्ता रकम पचास प्रतिशत र बाँकी पचास प्रतिशत नगदै वा २०७७ आषाढ मसान्तसम्मको वैंक ग्यारेण्टी पेश गर्नुपर्नेछ । साथै कवोल गरेको रकम एकमुष्ट बुझाएमा नगरकार्यपालिकाको निर्णयबाट तोकिए बमोजिम छुट दिन सकिनेछ । तोकिएको अवधिभित्र सम्झौता नगरेमा छनौट भएका वोलपत्र वालाको नियमानुसार वैंक ग्यारेण्टी वा धरौटी रकम फिर्ता गरिने छैन।

६. नियमानुसार चाहिने सम्पूर्ण शुल्क, कर दस्तुर, आयकर तथा मूल्य अभिवृद्धि कर वोलपत्रदाता स्वयंले नगरपालिकामा बुझाउनु पर्नेछ। आफूले कबोल गरेको रकमबाट कटाउन पाउने छैन। शर्त सहित पेश गरेको रित नपुगी वा म्याद नाघी आएको,न्यूनतम रकमभन्दा घटी कबोल गरेको, कालो सूचीमा परेको र यस कार्यालयबाट प्रमाणित गरी विक्री नगरेको वोलपत्र लाई मान्यता दिइने छैन।

७. बोलपत्र उपर सारभूत रुपमा छनौट हुने वा नहुने सम्बन्धमा अन्तिम निर्णय प्रचलित कानून् अनुसार हुनेछ।

८.ठेक्का अवधि २०७७ साल असार मसान्त सम्म कायम रहनेछ र बन्द, हड्ताल लगायतका गतिविधिका कारण कार्य सुचारु नभएको अवस्थाको कुनै प्रकारको क्षतिपूर्ति दाबी गर्न पाइने छैन।

९. एक फर्म, कम्पनी, संस्था वा व्यक्तिको नाममा खरिद गरेको बोलपत्र अर्काको नाममा दाखिला गर्न पाइने छैन।

१०. यस नगरपालिकाको विकास निर्माण कार्य सञ्चालनका लागि नगरपालिका स्वयम् वा अमानत मार्फत सवारी साधन प्रयोग गरी र दातृ निकायसँग करछुट सम्झौता भई सञ्चालन हुने आयोजनमा ठेकेदारले कुनै कर लिन पाउने छैन।

११.यो सूचनामा उल्लेखित कुराहरु यसै सूचना बमोजिम र उल्लेख नभएका विषयहरुको हकमा प्रचलित कानून बमोजिम तथा ठेक्का सम्झौता अनुसार हुनेछन् र विस्तृत् जानकारीको लागि यस कार्यालयको वेवसाइट WWW.chaurjaharimun.gov.np मा समेत हेर्न सकिने छ।

(रामकुमार गौतम)
निमित्त प्रमुख प्रशासकीय अधिकृत
नि. प्रमुख प्रशासकिय अधिकृत